सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २२८ ♦ २०८३ साल वैशाख ११ शुक्रवार ♦ 24 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## बन्धक बनाएर जबर्जस्ती करणी गरेको आरोपमा एक युवक पक्राउ

**खबर दर्पण समाचारदाता**

**वैशाख १० गते, बर्दिवास**

१४ वर्षीया एक दलित किशोरीलाई एक सातासम्म बन्धक बनाएर जबर्जस्ती करणी गरेको आरोपमा धनुषा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

धनुषाको क्षीरेश्वर नगर पालिका-९ की दलित किशोरीलाई स्थानीय महिला खुश्बुदेवीले खेतमा काम गर्ने प्रलोभनमा लगेर जयराम महतोको जिम्मा लगाएका थिइन् । धनुषा प्रहरीका अनुसार महतोले ती किशोरीलाई बसनियाँ खोला किनारमा लगेर जबर्जस्ती करणी गरेका थिए । रगतले लतपतिएकी किशोरीले प्रतिकार गर्दै चिच्याउन थालेपछि महतोले उनलाई औरही स्थित भिनाजु गंगा महतोको घरमा राखेका थिए । किशोरीको अवस्था बिग्रिन थालेपछि खुश्बुकै सहयोगमा उनलाई महतोले जनकपुर ल्याएका थिए ।

'जनकपुरको पिराडी चोकस्थित डेराको घरमा किशोरीलाई बन्धक बनाएर जबर्जस्ती करणी गरिएको थियो,' धनुषा प्रहरीका प्रवक्ता एवं डीएसपी गणेशबहादुर बमले भने,'बन्धक बनाइएको चौथो दिनमा घर बेटीले थाहा पाएर प्रहरीलाई खबर गरेका थिए ।' बमका अनुसार तत्कालै पुगेको प्रहरी टोलीले किशोरीलाई अचेत अवस्थामा फेला पारेको थियो । 'किशोरीको मानसिक स्थिति समान्य थिएन । उनको यौनांगमा टाँका लगाइएको थियो,' डीएसपी बमले भने,'विभिन्न औषधि र नशालु पदार्थ खुवाएर किशोरीलाई अचेत पारिएको देखिन्छ । किशोरी अझै बोल्ने अवस्थामा छैनन् । सेफ हाउसमा राखेर उपचार भइरहेको छ ।'

जिल्ला प्रहरी कार्यालय धनुषाले शरीर बन्धक गरेर जबर्जस्ती करणी गरेको आरोपमा महतोलाई पक्राउ गरेर मुद्दा दर्ता गरेको छ । धनुषा प्रहरीका डीएसपी बमका अनुसार किशोरी बन्धक र बलात्कार घटनामा सहयोगी भूमिकामा रहेका अरूको खोजीकार्य भइरहेको छ ।

## जलेश्वर मालपोतका कर्मचारी सहित तीन जनालाई कैद सजाय




**खबर दर्पण समाचारदाता**

**वैशाख १० गते, बर्दिवास**

विशेष अदालतले गलत लिखत तयार गरेको मुद्दामा दुई कर्मचारीसहित तीनजनालाई कैद तथा जरिवानाको सजाय सुनाएको छ। बुधबार विशेषले महोत्तरीको जलेश्वरस्थित भूमिसुधार तथा मालपोत कार्यालयका दुई कर्मचारीसहित तीनजनालाई सजाय सुनाएको हो।

०८० साउनमा साविक इटर हर्वाकट्टिको ५ कट्ठा १२ धुर जग्गा राजीव कुमार ठाकुरको नाममा कम्प्युटरमा स्रेस्ता अद्यावधिक गरिएको भेटिएको थियो। जबकी सुरु नापीमा उक्त जग्गा परती प्रमाणित, किसानको महल खाली र विरहमा पोखरी भनी उल्लेख भएको सरकारी जग्गा थियो।

यसमा ठाकुरका साथै मालपोतको मोठ फाँटमा कार्यरत नायव सुब्बा परमानन्द साह र कम्प्युटर अपरेटर रविन्द्रकुमार सिंहको मिलेमतो रहेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो।गैरकानूनी रुपमा दूषित लिखत तयार गरी सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरेको भन्दै यसबाट सरकारलाई न्यूनतम् १७ लाख २५ हजार रुपैयाँ नोक्सान भएको भन्दै गत १९ माघमा तीनैजनामाथि मुद्दा दर्ता भएको थियो।

तीन महिनाअघि दायर मुद्दामा विशेषका सदस्यहरु नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाले यस्तो फैसला गरेका हुन्। नासु साह र कम्प्युटर अपरेटर सिंहलाई भ्रष्टाचार निवारण ऐनको दफा ९ बमोजिम जनही ३ महिना कैद, १० हजार रुपैयाँ जरिवाना तथा दफा ११ बमोजिम ३ महिना कैद र ३० हजार रुपैयाँ हुने सजाय सुनाइएको छ। यसैगरी ठाकुरलाई पनि उति नै सजाय सुनाइएको छ। तीनैजना प्रतिवादीहरुबाट जनही १६ सय रुपैयाँ क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा भराउनसमेत विशेषले भनेको छ।

## सुकुमबासी बस्तीमा डोजर चलाउने विरोधमा जेनजीले मानव साङ्लो बनाएर प्रदर्शन गर्ने

**खबर दर्पण समाचारदाता**

**वैशाख १० गते, बर्दिवास**

काठमाडौँको थापाथलीस्थित बागमती किनारका सुकुमबासी बस्तीमा सरकारले चलाउन लागेको डोजर र सुरक्षा निकायको परिचालनविरुद्ध जेनजी मुभमेन्ट एलायन्सले विरोध प्रदर्शन गर्ने भएको छ । एलायन्सले शुक्रबार बिहान ११ बजेदेखि थापाथली क्षेत्रमा मानव साङ्लो बनाएर घेराउ गर्ने कार्यक्रम सार्वजनिक गरेको हो ।

भूमिहीन तथा सुकुमबासीहरूमाथि भएको दमनकाविरुद्ध उत्रिएको यो युवा समूहले बस्तीहरूमा त्रास फैलाउने कार्य तत्काल रोक्न माग गरेको छ । संविधानले ग्यारेन्टी गरेको आवासको हक

बाँकी पृष्ठ ३ मा




शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# सरकारी विज्ञापन नीतिविरुद्ध प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र

**खबर दर्पण समाचारदाता**
**वैशाख १० गते, जनकपुरधाम**

सरकारी विज्ञापन वितरण सम्बन्धी नयाँ नीतिप्रति असन्तुष्टि जनाउँदै नेपाल पत्रकार महासंघ धनुषा शाखाले प्रमुख जिल्ला अधिकारी मार्फत संघीय सरकारलाई ज्ञापनपत्र बुझाएको छ।



सरकारले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र दिने निर्णयसहित जारी गरेको परिपत्रविरुद्ध महासंघले देशव्यापी आन्दोलन कार्यक्रमअन्तर्गत धनुषामा पनि विरोध जनाएको हो।

महासंघको केन्द्रीय परिपत्रअनुसार पत्रकार महासंघका धनुषा जिल्ला अध्यक्ष पुरन साहको नेतृत्वमा गएको पत्रकारहरूको टोलीले प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेललाई ज्ञापनपत्र हस्तान्तरण गरेको हो।

ज्ञापनपत्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सचिवस्तरमा जारी गरिएको परिपत्रप्रति गम्भीर आपत्ति जनाइएको छ। उक्त परिपत्र मार्फत संघीय मन्त्रालय, आयोग, सचिवालय तथा प्रदेश र स्थानीय तहलाई सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममार्फत मात्रै प्रकाशन तथा प्रसारण गर्न निर्देशन दिइएको छ।

महासंघले उक्त निर्णयलाई प्रेस स्वतन्त्रतामाथिको अप्रत्यक्ष हस्तक्षेप भनेको छ। विज्ञापन क्षेत्रमा देखिएका अनियमितता नियन्त्रण गर्ने प्रयास सकारात्मक भए पनि त्यसकै नाममा विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा सीमित गर्नु संविधान, प्रचलित कानुन, खुला बजार अर्थतन्त्र तथा संघीयताको मर्मविपरीत हुने महासंघको भनाइ छ।

महासंघका अनुसार यस्तो नीतिले निजी सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर पार्ने र स्वतन्त्र पत्रकारितामाथि दबाब सिर्जना गर्ने खतरा बढाउनेछ। साथै देशभर सञ्चालनमा रहेका सयौं रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा अनलाइन सञ्चारमाध्यमको आर्थिक आधार कमजोर हुने र हजारौं सञ्चारकर्मीको रोजगारी जोखिममा पर्ने उल्लेख गरिएको छ।

महासंघले विज्ञापन वितरण प्रणालीलाई पारदर्शी, समावेशी र समानुपातिक बनाउन माग गर्दै संविधानविपरीतका निर्देशन कार्यान्वयन नगर्न प्रदेश तथा स्थानीय सरकारलाई आग्रह गरेको छ।

माग सम्बोधन नभए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी पनि महासंघले दिएको छ।

ज्ञापनपत्र बुझाउने टोलीमा महासंघका केन्द्रीय सदस्य राजेश कर्ण, धनुषा अध्यक्ष पुरन साह, उपाध्यक्ष अवधेश कामत, वरिष्ठ पत्रकार रामभरत साह, संजय साह लगायत सहभागी थिए।

# दुई वर्षसम्म पनि अघि बढेन कमला पुल: ७ दिनभित्र काम सुरु नगरे आन्दोलन

**खबर दर्पण समाचारदाता**
**वैशाख १० गते, जनकपुरधाम**



धनुषा र सिरहा जिल्ला जोड्ने कमला नदीमा नयाँ पुल निर्माण कार्य लामो समयदेखि अघि नबढाइएको भन्दै स्थानीय स्तरमा असन्तुष्टि चुलिएको छ।

नयाँ कमला पुल निर्माण संघर्ष समितिले तत्काल प्रक्रिया सुरु गर्न माग गर्दै सात दिनको अल्टिमेटमसहित आन्दोलनको चेतावनी दिएको छ।

समितिले मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई स्मरणपत्र बुझाउँदै २०८१ भदौ ७ गते प्रदेश सरकारसँग भएको सहमति अहिलेसम्म कार्यान्वयन नभएको गुनासो गरेको छ।

दुई वर्ष बित्न लाग्दा पनि पुल निर्माणको ठेक्का प्रक्रिया सुरु नगरिएको भन्दै जनतालाई भ्रममा राखिएको आरोप लगाइएको छ।

स्मरणपत्रमा चालु आर्थिक वर्ष २०८२/८३ समाप्त हुन लाग्दासमेत निर्माण प्रक्रिया अघि नबढाइएको र जीर्ण अवस्थामा रहेको पुरानो पुलको प्रभावकारी मर्मतसमेत हुन नसकेको उल्लेख छ।

केन्द्र सरकारबाट पटक पटक म्याद थपिँदा नागरिकमा अन्योल बढेको भन्दै समितिले आपत्ति जनाएको छ।

समितिका अनुसार हाल प्रस्तावित पुलको डिजाइनमै त्रुटि रहेको र सम्बन्धित बाँध निर्माणको ठेक्का प्रक्रियासमेत अघि नबढेकाले भविष्यमा समस्या झन् जटिल बन्न सक्ने चेतावनी दिइएको छ।

स्मरणपत्र बुझ्दै मुख्यमन्त्री यादवले पुल निर्माणका लागि प्रदेश सरकारले पटक पटक पहल गरेको र बजेटसमेत विनियोजन गरिएको भए पनि प्रक्रिया अघि बढ्न नसकेको स्वीकार गरे।

उनले उक्त परियोजना संघीय सरकारको क्षेत्राधिकारभित्र पर्ने भएकाले आवश्यक पहलका लागि संघ सरकारसँग समन्वय गर्ने प्रतिबद्धता जनाए।

यता, संघर्ष समितिले सात दिनभित्र ठेक्का प्रक्रिया अघि नबढाइए कडा आन्दोलनमा उत्रिने घोषणा गरेको छ।

आन्दोलनका कार्यक्रमअन्तर्गत अनसन, चक्काजाम तथा सडक अवरोधजस्ता गतिविधि सञ्चालन गरिने चेतावनी दिँदै त्यसबाट उत्पन्न हुने अवस्थाको जिम्मेवारी सम्बन्धित निकायले लिनुपर्ने जनाएको छ।

# समुदायमा असामान्य समस्या देखिए स्वास्थ्यकर्मीलाई जानकारी दिन आग्रह

**खबर दर्पण समाचारदाता**
**वैशाख १० गते, बर्दिवास**

समुदायमा असामान्य स्वास्थ्य समस्या वा रोग देखिएमा तत्कालै नजिकको स्वास्थ्य संस्था तथा हेल्लो स्वास्थ्यमा सम्पर्क गर्न स्वास्थ्यकर्मीहरुले समुदायका अगुवाहरुलाई आग्रह गरेका छन्।

जलेश्वर नगरपालिकाको आयोजना तथा युनिसेफको सहयोगमा संस्थागत क्लिनिकमा आयोजना गरिएको समुदायमा आधारित रोग निगरानी प्रणाली सम्बन्धी अभिमुखिकरण कार्यक्रममा बोल्नुहुदै स्वास्थ्यकर्मी कला चौधरीले समुदायमा देखिएका नौलो रोग तथा अन्य रोगहरुबारे जानकारी पाएमा स्वास्थ्यकर्मीहरुलाई खबर गर्न आग्रह गर्नुभयो।

उहाँले कारण नखुलेको शंकास्पद सरुवा रोग, असामान्य रुपमा कुखुरा, हाँस, कुकुर, सुँगुर लगायतका जनावरहरु विरामी पर्नु र मर्नु, एउटै भोज भतेरमा सहभागीहरु एउटै समयमा विरामी पर्नु, धेरै जनामा एकै किसिमको रोग तथा लक्षण देखिए लगायतकाहरु अनपेक्षित जनस्वास्थ्यसँग सम्बन्धित घटना तथा रोगहरु रहेको चर्चा गर्नुहुदै यस्तो समस्या देखिएको हेल्लो स्वास्थ्य तथा स्वास्थ्यकर्मीहरुलाई खबर गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा युनिसेफको स्थानीय सहयोगी पिएफआडीका प्रोगाम कोर्डिनेटर तथा स्वास्थ्यकर्मी लेखनाथ यादवले शरिरको कुनै पनि भागमा बिमिराहरु सहितको ज्वरो आएको, उच्च ज्वरोसहित कम्पन, अर्धचेत वा अचेत भएका, ज्वरोसहित शरिरका विभिन्न अंगहरुबाट रगत बग्ने समस्या देखिएमा, १५ वर्ष भन्दा मुनिका बालबालिकामा शरिरको कुनै पनि भागमा एक्कासी कमजोरी वा लुलोपना भएको एउटा पनि विरामी फेला परेमा सम्पर्क गर्नुपर्नेमा जोड दिनुहुदै यसले समयमै उपचार गराउन तथा समुदायमा फैलिन नदिन सहयोग पुग्ने बताउनुभयो।

समयमै रोगको पहिचान र उपचार गरि संक्रामक रोग अन्य व्यक्तिमा सर्न नदिन, महामारी हुन नदिन र नियन्त्रण गर्न तथा तत्काल मृत्यु र दीर्घकालमा हुन सक्ने अपाङ्गता रोक्न तपाईहरुको सानो कामले धेरैको ज्यान वचाउन सकिने भएकोले जानकारी प्राप्त हुनासाथ सम्पर्क गर्न आग्रह गर्नुभयो।

जलेश्वर नगरपालिका वडानं. २ का वडाध्यक्ष बरुण दाहालको अध्यक्षतामा भएको कार्यक्रममा जलेश्वरको विभिन्न सामुदायिक तथा सरकारी विद्यालयका शिक्षक,शिक्षिकाहरु,स्वास्थ्यकर्मीहरु, प्रादेशिक अस्पताल जलेश्वरका कर्मचारीहरु, सुरक्षा निकायका कर्मचारीहरु, स्वंयसेविका, आमासमुहका पदाधिकारीहरुको सो कार्यक्रममा उपस्थिती रहेको थियो।

स्वास्थ्यकर्मीहरुले गर्नुभएको आग्रह वमोजिम कार्यक्रममा नै धेरैजनाले हेल्लो स्वास्थ्यको नम्बर १११५ मा पटक पटक फोन गर्दा पनि त्यसमा फोन नउठ्दा सहभागीहरु त्यसमा प्रश्नसमेत उठाएका थिए। आयोजकले समेत सो नम्बरमा पटक पटक सम्पर्क गरेको थियो तर फोन नउठ्दा उहाँहरु त्यसबारे बुझ्ने भनेर विषयवस्तु अगाडी बढाएका थिए।

कार्यक्रममा सहभागी पत्रकार विष्णु गुप्ताले सरकारले सार्वजनिक गरेको नम्बरमा नै फोन नउठाउनु गलत रहेको प्रतिकृया दिनुभयो।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# गोठबाटै दुध किन्दै बर्दिवास नगरपालिका

**विशाल बस्नेत**

**वैशाख १० गते, बर्दिवास**

'के तपाईं दुध उत्पादक किसान हुनुहुन्छ, तर बजार पाउनुभएको छैन ?' यदि यस्तो समस्या छ भने अब चिन्ता लिनु पर्दैन ।

बर्दिवास नगरपालिकाले दुधको बजार सुनिश्चित गर्दै किसानको घरमै आएर किन्ने व्यवस्था सुरु गरेको छ। यो व्यवस्था लागू भएसँगै पशुपालनमार्फत जीविकोपार्जन गर्दै आएका किसानहरूले अब बजार आफैँ खोज्नुपर्ने, उपभोक्ता पहिचान गरेर घरदैलोमा दुध पुऱ्याउनुपर्ने र पैसा उठाउन घरघर धाउनुपर्ने बाध्यताको अन्त्य हुने भएको छ।

नगरपालिकाका अनुसार प्रारम्भिक चरणमा किसानहरूले आफूले उत्पादन गरेको दुध निर्धारण गरिएको संकलन केन्द्रसम्म ल्याएर जम्मा गर्नुपर्नेछ। त्यसपछि क्रमश: गाउँ तथा टोल स्तरमा दुग्ध किसान समूह गठन गरिनेछ। समूह गठन भएपछि सम्बन्धित समूहका अध्यक्ष वा प्रतिनिधिले घरघरमै पुगेर दुध संकलन गरी बजारसम्म पुऱ्याउने व्यवस्थासमेत गरिने नगरपालिकाले कार्यविधि बनाएको छ।

प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीका अनुसार उक्त कार्य गर्ने जिम्मेवारी साझा संस्थालाई दिइएको छ । किसानहरूले उत्पादन गरेको दुध संस्थाले लिने र किसानहरूसँग सिधा जोडिने व्यवस्था गरिएको अधिकारीले जानकारी दिए ।

तथ्यांकीय योजना नबने पनि सतहीरूपमा आएका गुनासालाई मध्यनजर गर्दै नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीले बनाएको यो योजनाले निक्कै चर्चा पाएको छ। नगरसँग नगर क्षेत्रका कति किसानले दुध उत्पादन गरिरहेका छन् र कति परिमाण बेच्छन् भन्ने यकिन तथ्यांक छैन । तर बजारीकरणसहित सुरु गरिएको यो प्रणालीले पशुपालक किसानहरूमा थप प्रोत्साहन मिल्ने र नगरलाई दुधमा आत्मनिर्भर बनाउने विश्वास गरिएको छ । 'यस्तो हो भने हामीलाई राहत हुनेछ। उत्पादित दुध कहाँ लगेर बेच्ने भन्ने समस्या पनि हुँदैन,' बर्दिवास-३ का किसान केदार घिमिरेले भने, 'नगरको यो योजना सुनिसकेपछि निकै खुसी लागेको छ।'

अहिले नगर क्षेत्रका डेरी व्यापारीहरू समेत दुध खोज्न सर्लाही, जनकपुरसम्म पुग्ने गरेका छन्। तर किसानहरूले बिक्री हुँदैन भन्ने गुनासो गरिरहेको बेला नगरले बनाएको यो योजनाबाट बर्दिवास दुधमा आत्मनिर्भर बन्ने दिशातर्फ अगाडि बढने व्यवसायीहरूको बुझाइ छ।

'प्राय: यहाँ ग्रामीण क्षेत्र छ, पशुपतिनगर, किसाननगर, बिजलपुरा, खयरमारा, पाटु, कालापानी लगायतका ठाँउका किसानहरूले घरघरमा भैँसी, गाई पालेका छन् । तर उनीहरू दुध बिक्री भएको छैन भन्छन् अनि हामीचाहिँ बाहिर दुध संकलन गर्न जानुपर्छ,' अधिकांश व्यवसायीको एउटै भनाइ छ, 'नगरले दुध संकलन गर्ने व्यवस्था गरेर डेरीलाई सम्पर्क गऱ्यो भने हामी बाहिर नै जानु पर्दैनथ्यो ।'

२०७८ सालको जनगणनाअनुसार नगरमा ७४ हजार ३६१ जनसंख्या रहेको छ। यसमध्ये ८० प्रतिशत अझै कृषिमा आश्रित छन् । चुरे क्षेत्रका अधिकांश किसानहरूले भैँसी, गाईपालन गरेका छन् भने दक्षिणी क्षेत्रका गाउँहरूमा तरकारी र पशुपालन छ ।

१६ हजार ८२४ घरधुरी रहेको नगरमा झन्डै ६० प्रतिशतले घरमा गाई, भैँसी पालेको तथ्यांक छ। एक तथ्यांकअनुसार नगरमा लगभग २० हजार गाई, भैँसी पालिएको छ। कतिपयले फर्म नै दर्ता गरेर चलाएका छन्। पूर्वनगरप्रमुख विदुर कार्कीले दर्ता गरेर चलाएको फर्ममा मात्र ३२ वटा हरियाना जातका भैँसीपालन गरिएको छ। यसरी हेर्दा नगरमा मात्र १ लाख लिटर दैनिक दुध उत्पादन हुने देखिएको छ।



पशु तथा भेटनरी शाखाका कर्मचारी मोहन खड्काका अनुसार अहिले प्राय: किसानहरूले उन्नत जातका भैँसी पालेका छन्। कतिपय भैँसीले दैनिक २० लिटरसम्म दुध दिने गरेको भेटिएको खड्का बताउँछन्। कार्यालयका अनुसार दैनिक उत्पादनको दर अझ बढ्न सक्ने अनुमान छ।

तर डेरी व्यवसायीहरू नगरमा खपतका लागि ठुलो क्षमता नभएको कारणले पालिकाले लिएजस्तो उद्देश्य अहिले नै सम्भव नभएको बताउँछन् । यसका लागि नगरले बृहत् योजना बनाउनुपर्ने बताउँदै व्यवसायी विनोद खडका दैनिक उत्पादन हुने दुधलाई समेत स्टोर गर्ने ठाउँ नभएको बताउँदै बजारीकरणका लागि यति मात्र योजनाले नपुग्ने बताउँछन्।

# सुकुमबासी बस्तीमा डोजर..........

र नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको ठाडो उल्लङ्घन भएको ठहर गर्दै एलायन्सले विपन्न नागरिकलाई घरबारविहीन बनाउने अमानवीय निर्णय खारेज गर्न सरकारलाई दबाब दिएको छ। आन्दोलनकारीहरूले राजनीतिक आडमा सुकुमबासीका नाममा बसेका हुनेखाने र वास्तविक भूमिहीनबिचको पहिचान गर्नुपर्नेमा जोड दिएका छन् । यसका लागि अधिकार सम्पन्न उच्चस्तरीय आयोगमार्फत निष्पक्ष छानबिन र प्रमाणीकरण गरेर मात्र अघि बढ्न उनीहरूको सुझाव छ। जथाभाबी डोजर चलाउनुको सट्टा दीर्घकालीन र न्यायोचित समाधान खोजिनुपर्ने माग एलायन्सको छ ।

कुनै पनि ठोस निर्णय लिनुअघि सुकुमबासी प्रतिनिधि, नागरिक समाज र विज्ञहरूसँग बसेर संवादको माध्यमबाट निकास खोज्न युवाहरूले सरकारलाई आग्रह गरेका छन्। थापाथलीमा सुरक्षाकर्मी र मेसिन परिचालन गरेर आतंक सिर्जना गरिएको भन्दै यसका विरुद्ध एकजुट हुन एलायन्सले आह्वान गरेको छ।

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
जन्म दर्ता किन गर्ने ?




माथि उल्लेखित सेवाका साथै अन्य विभिन्न सरकारी सेवा प्राप्त गर्न
अनुरोधकर्ता :
जनकपुरधाम उपमहानगरपालिका
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
जन्म दर्ता किन गर्ने ?




माथि उल्लेखित सेवाका साथै अन्य विभिन्न सरकारी सेवा प्राप्त गर्न
औरही नगरपालिका, महोत्तरी

शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी
पत्रिका
क्यालेण्डर
रजिष्टर, डाइरी
किताब
परीक्षा कपी
पर्चा पम्पलेट
बिल, भाउचर,
स्क्रिन प्रिन्ट
विवाह कार्ड
प्रमाण पत्र
भिजिटिङ्ग कार्ड
झोला प्रिन्ट
रबर स्टाम्प
फ्लेक्स प्रिन्ट
ब्यानर प्रिन्ट
होर्डिङ्ग बोर्ड
स्टिकर
फाइल
साथै होम डेलिभरीको सुविधा छ ।
सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# महोत्तरीका उत्तरी भेगका किसान पशुपालनतर्फ आकर्षित



अजयकुमार साह

**वैशाख १० गते, बर्दिवास**

महोत्तरी जिल्लाका उत्तरवर्ती क्षेत्रका किसानहरू पशुपालन व्यवसायतिर आकर्षित भएका छन् । जिल्लाका बर्दिवास, गौशाला, भंगहा, औरही नगर पालिकाका, सोनमा र सम्सी गाउँपालिकाका विभिन्न वडाका किसानहरू पछिल्लोपटक पशुपालन व्यवसायतर्फ आकर्षित भएका छन् ।

भङ्गाहा बाहेकका सबै पालिकाहरु पूर्वपश्चिम राजमार्गसँग जोडिएको वन क्षेत्र वरिपरि भएकाले मौसमअनुसार घाँसपात पाइने भएपछि आफूहरूले व्यावसायिकरूपमै पशुपालन पेसा अँगालेको त्यहाँका किसानहरु बताउँछन् । यता बडहरी, रातु र बिग्ही नदी किनारमा घाँसिलो मैदान विकास भएपछि भङ्गाहामा पशुपालन गर्ने किसानको सङ्ख्यामा निक्कै वृद्धि भएको छ । यी पालिकाहरुको बस्तीमा किसानले मुख्यतया बाख्रापालन र गाईभैंसी पालनमा निकै अभिरूचि देखाएको सम्बन्धित पालिकाहरुले जनाएको छ।

यसै कुरालाई मध्यनजर गर्दै महोत्तरीको बर्दिवास नगर पालिकाले ग्रामीण महिलालाई आत्मनिर्भर बनाउने लक्ष्यसहित बर्दिवास-१ को सनिगाछी टोलस्थित "सयपत्री महिला पशुपालन कृषक समूह" का २४ जना सदस्यहरूलाई प्रति कृषक २ वटाका दरले हालै जम्मा ४८ वटा उन्नत जातका बाख्रा वितरण गरेको छ।

नगरपालिकाले "बाख्राका साना व्यवसायिक उत्पादन केन्द्र" स्थापना गर्ने दीर्घकालीन योजना अघि सारेको छ। नगर प्रमुख प्रह्लाद कुमार क्षेत्रीले स्थानीय सरकारको मूल लक्ष्य नै नागरिकलाई आत्मनिर्भर रहेको बताउनुभयो । उहाँले प्रत्येक बाख्राको मूल्य १० हजार रुपियाँ राखिएको छ र सोही बराबरको जीवन बीमा समेत नगर पालिकाले गरिदिएको बताउनुभयो।

बर्दिवास नगरपालिकाका अनुसार हाल नगरका १४ वटै वडामा २८ वटा महिला कृषक समूहमार्फत पशुपालन कार्यक्रम सञ्चालन भइरहेको छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मधेश प्रदेशका वरिष्ठ पशु चिकित्सक डा.संजीव कुमार ठाकुरका अनुसार पछिल्लोपटक वनक्षेत्रमा घाँसे बुट्यानहरू समुदायको प्रयत्नमा संरक्षित हुन थालेपछि वन क्षेत्र वरिपरिका पालिकाका बस्तीहरुमा पशुपालन व्यवसाय अँगाल्ने किसानको सङ्ख्यामा वृद्धि भएको छ । यी पालिकाका बस्तीमा पशुपालन व्यवसाय फस्टाउँदै गए पनि स्थानीय जातका मात्र पशुवस्तु पालिने गरेकाले किसानहरूले अपेक्षित फाइदा भने लिन नसकेका पशुविज्ञहरूले बताएका छन् ।

यता पशुपालक किसानहरूले भने उन्नत जातका बाख्रा, गाईभैंसी लगायतका पशुबस्तु खोज्न र तिनको उन्नत नश्लबारे यकिन गर्न पशुसेवा शाखाले राम्रो समन्वय नगरिदिएको गुनासो गरेका छन् ।

बर्दिवास नगरपालिका -३ की बाख्रापालक किसान कृष्णा माया भुजेलले आफूले दुई तीनपटक उन्नत नश्ल भनेर बाख्रा ल्याएको भए पनि जातबारे यकिन गर्न नसक्दा आफू ठगिएको बताउनुभयो ।

पशुपालन व्यवसायतिर आकर्षित भएका यी ग्रामीणबस्तीका किसानहरुलाई पालिकाका पशु शाखाले परामर्श, उपचार र गर्भाधानसम्बन्धी राम्रो सेवा सुविधा समन्वय गरिदिए किसानले अपेक्षित लाभ लिनसक्ने जिल्लावासीहरू बताउँछन् ।

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौ / गराऔं ।
मटिहानी नगरपालिका, महोत्तरी

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौ / गराऔं ।
औरही नगरपालिका, महोत्तरी

योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।
योगका फाइदाहरू
शारीरिक स्वास्थ्य सुधार: शरीर लचिलो र बलियो बनाउँछ
मानसिक शान्ति: तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
निद्रा सुधार गर्छ
ध्यान केन्द्रित गर्न सहयोग गर्छ
ध्यान दिनुपर्ने कुराहरू
खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।
अनुरोधकर्ता :
जनकपुरधाम उपमहानगरपालिका
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल
२४ सैं घण्टा इमर्जेन्सी सेवा
ICU, NICU, PICU सेवा
X-Ray, USG, CT Scan सेवा
Endoscopy/Diode Laser सेवा
Laproscopy सेवा
क्याबिनको समेत व्यवस्था भएको
विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,